# तथ्याङ्क दिवस कार्यक्रम २०८० सम्पन्न

राष्ट्रिय तथ्याङ्क कार्यालयद्वारा आयोजित तथ्याङ्क दिवस कार्यक्रम २०८० सम्पन्न भएको छ। यसै कार्यक्रमको सन्दर्भमा आयोजना गरिएको खुला निबन्ध प्रतियोगितामा विजयी निबन्धकारहरूको सूची यसप्रकार रहेको छ :

| क.सं. | निबन्धकारको नाम, थर | ठेगाना | निबन्धको शीर्षक | स्थान |
|---|---|---|---|---|
| १ | श्री पुष्प खनाल | म्याग्दे गा.पा.-१, तनहुँ | राष्ट्रिय तथ्याङ्क कार्यालय र यसको भावी कार्य दिशा | प्रथम |
| २ | श्री चक्र वली | कीर्तिपुर, काठमाडौं | राष्ट्रिय तथ्याङ्क कार्यालय र यसको भावी कार्य दिशा | द्वितीय |
| ३ | श्री सन्ध्या दाहाल | राष्ट्रिय तथ्याङ्क कार्यालय, काठमाडौं | प्रदेश र स्थानीय तहमा तथ्याङ्क प्रणाली विकास : आवश्यकता, अवसर र चुनौती | तृतीय |
| ४ | श्री माधवहरि पौडेल | विराटनगर महानगरपालिका-१२, बखरी, मोरङ | राष्ट्रिय तथ्याङ्क प्रणालीको सुदृढीकरणमा तथ्याङ्क प्रयोगकर्ताको भूमिका | सान्त्वना |
| ५ | श्री झलक खत्री | वीरेन्द्रनगर नगरपालिका-१२, पदमपुर, सुर्खेत | एकीकृत तथ्याङ्क प्रणाली : आवश्यकता, अवसर र चुनौती | सान्त्वना |

विजयी उपस्थित निबन्धकारहरूलाई नेपाल सरकारका मुख्य सचिव तथा कार्यक्रमका प्रमुख अतिथि डा. बैकुण्ठ अर्यालले प्रशंसापत्र, पुरस्कार राशि र पुस्तक उपहार प्रदान गर्नुभयो।

सोही कार्यक्रममा राष्ट्रिय तथ्याङ्क कार्यालयका निर्देशक श्री बद्री कुमार कार्कीलाई वि.सं. २०८० को उत्कृष्ट कर्मचारी घोषणा गरियो। उहाँलाई प्रमुख अतिथि डा. वैकुण्ठ अर्यालले दोसल्लासहित सम्मानपत्र प्रदान गर्नुभयो।

यसै अवसरमा साबिक केन्द्रीय तथ्याङ्क विभागका पूर्व महानिर्देशक डा. एस. एम. एन. सुभानीलाई सम्मान गरिएको थियो।

कार्यक्रमको प्रारम्भमा राष्ट्रिय तथ्याङ्क कार्यालयका उपप्रमुख तथ्याङ्क अधिकारी डा. हेमराज रेग्मीले कार्यालयले गत आर्थिक वर्षमा सम्पन्न गरेका प्रमुख कार्यक्रमहरू र चालु आर्थिक वर्षका माइलस्टोनसहितका मुख्य मुख्य कार्यक्रमहरूसम्बन्धी प्रस्तुति राख्नुभएको थियो। कार्यक्रममा प्रमुख अतिथि मुख्य सचिव डा. बैकुण्ठ अर्याल र कार्यक्रमको अध्यक्षता गर्नुभएका प्रमुख तथ्याङ्क अधिकारी श्री तोयम रायाले मन्तव्य राख्नुभएको थियो। त्यस्तै उत्कृष्ट कर्मचारी घोषित निर्देशक श्री बद्री कुमार कार्की र सम्मानित पूर्व महानिर्देशक डा. एस.एम.एन. सुभानीले पनि सम्मानित हुँदाको आआफ्नो अनुभूति राख्नुभएको थियो। कार्यक्रममा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव डा. गणेशप्रसाद पाण्डेय, महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका सचिव श्री सुमनराज अर्याल, पूर्व प्रमुख तथ्याङ्क अधिकारी श्री रामप्रसाद थपलियाका साथसाथै केन्द्रीय तथ्याङ्क विभागका पूर्वमहानिर्देशक तथा उपमहानिर्देशकहरू अतिथि हुनुहुन्थ्यो। योजना शाखाका निर्देशक श्री राजन सिलवालले उक्त कार्यक्रम सञ्चालन गर्नुभएको थियो।




स्वागत मन्तव्य एवं राष्ट्रिय तथ्याङ्क कार्यालयसँग सम्बन्धित प्रस्तुति राख्दै उपप्रमुख तथ्याङ्क अधिकारी डा. हेमराज रेग्मी




राष्ट्रिय तथ्याङ्क कार्यालयमा उत्कृष्ट कर्मचारी २०८० घोषित निर्देशक श्री बद्री कुमार कार्कीलाई सम्मानपत्र प्रदान




नेपाल सरकारका मुख्य सचिव डा. वैकुण्ठ अर्यालबाट सम्मानपत्र ग्रहण गर्नुहुँदै साबिक केन्द्रीय तथ्याङ्क विभागका पूर्व महानिर्देशक डा. एस.एम.एन. सुभानी



खुला निबन्ध प्रतियोगितमा क्रमशः द्वितीय र तृतीय पुरस्कार प्राप्त गर्नुहुने चक्र वली (कीर्तिपुर, काठमाडौं) र सन्ध्या दाहाल प्रमुख अतिथिज्यूबाट प्रशंसापत्र प्राप्त गर्नुहुँदै (राष्ट्रिय तथ्याङ्क कार्यालय)